प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI)

सानोठिमी,भक्तपुर

## सीप परीक्षण मूल्यांकनकर्ता (Skill Test Assessor) तालिम

## सञ्चालन सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०१/२०**

राष्ट्रिय सीप परीक्षण समितिको आर्थिक सहयोगमा परिषद् प्रदेश कार्यालय, कर्णाली प्रदेश विरेन्द्रनगर,सुर्खेतमा प्राबिधिक प्रशिक्षण प्रतिष्ठान **(TITI)** द्धारा निम्न व्यवसायहरुमा सीप परीक्षण मूल्यांकनकर्ता (Skill Test Assessor) तालिम सञ्चालन हुने भएकाले तपसीलमा उल्लेख भए बमोजिम योग्यता तथा अनुभव भएका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र वा मिति २०८०/०२/०९ गते अपरान्ह ५ बजे सम्म प्रतिष्ठानको वेबसाइट www.titi.org.np मा आवश्यक कागजपत्रहरु संलग्न गरी अनलाइन फाराम भर्न सूचित गरिन्छ ।

## सहभागी छनौटको लागि शर्त तथा मापदण्डहरु

१.**बिषयहरु**

- **कृषि** (भेटेरेनरी जुनियर टेक्निकल असिस्टेण्ट, अफ सिजन भेजिटेवल प्रोडियुसर तह-१)
- **कम्प्युटर** (कम्प्युटर अप्रेटर, कम्प्युटर हार्डवेयर टेक्निसियन)
- **निर्माण** (पलम्वर, व्रिक लेयर मेशन)
- **एजुकेसन** (इसिडि तह-१)
- **हस्पिटालिटी** (कमिक्स, वेटर, वार टेण्डर तह-१, वेकर तह-१)
- **व्युटिसियन**

२.**तालिमको लागि आवश्यक न्यूनतम योग्यता**

- एस.एल.सी/एस.ई.ई.उर्त्तीण एवं राष्ट्रिय सीप परीक्षण समितिको सम्बन्धित पेशा/व्यावसायमा कम्तीमा तह २ उत्तिर्ण गरेको
- औपचारिक अध्ययन अध्यापन हुने संकायमा कम्तिमा प्राबिधिक एस.एल.सी वा प्रि-डिप्लोमा उत्तिर्ण गरि सम्बन्धित पेशा वा व्यावसायमा कम्तीमा ३ (तिन) बर्ष कार्य अनुभव भएको ।
- एस.एल.सी/एस.ई.ई.उर्त्तीण एवं औपचारिक अध्ययन अध्यापन नहुने वा राष्ट्रिय सीप परीक्षण समितिको तह २ (दुई) नभएको संकायमा राष्ट्रिय सीप परीक्षण समितिको तह १ (एक) उत्तिर्ण गरि सम्बन्धित पेशामा कम्तिमा ३ (तिन) वर्ष कार्य अनुभव भएको ।

३.**छनौटका आधारहरु** : शैक्षिक योग्यता/व्यावसायमा सीप परीक्षण, सम्बन्धित कार्य अनुभव, लिङ्ग, लक्षित बर्ग, स्थानीयता, **TITI** को प्रशिक्षक प्रशिक्षण सम्बन्धि तालिम (ToT/O-ToT, IS)

४.**अन लाइन फारामको साथ पेश गर्नुपर्ने कागजपत्रहरु** : नेपाली नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु वा सीप परीक्षणको प्रमाणपत्रहरुको प्रतिलिपीहरु र मान्यता प्राप्त संस्थामा सम्बन्धित क्षेत्रको कार्य अनुभवको पत्र, लक्षित बर्ग जनाउने सिफारिश पत्र ।

५.**तालिमको अवधि** ५ दिन र समय बिहान ९:३० बजे देखि बेलुकी ४ :४५ बजे सम्म हुनेछ। तालिम अवधि भर पुरा समय सहभागी हुनुपर्नेछ तथा तालिम समाप्त भएपछि प्रमाण पत्र दिइनेछ।

६.तालिमको लागि छनौट भएका सहभागीलाई टेलिफोन मार्फत जानकारी गराईनेछ।

७.पेश गर्नुपर्ने प्रमाणपत्रहरु तथा कागजातहरु पेश नगरेमा वा शर्त सहितको अपूर्ण आवेदन स्वीकार्य हुने छैन।

८.तालिम सम्पन्न भएपछि प्रतिष्ठानको नियमानुसार सुबिधा दिईनेछ।

९.तालिमको लागि सहभागीहरुको छनौट, व्यवस्थापन र यस सम्बन्धी अन्य कार्यहरुका लागि प्राबिधिक प्रशिक्षण प्रतिष्ठानले गरेको निर्णय अन्तिम हुनेछ।

१०.तोकिएको स्थानमा निर्धारित संख्यामा सहभागी छनौट नभएमा सोही स्थानमा आवेदन दिने अन्य बिषयहरुका सहभागी लिई तालिम सञ्चालन गरिनेछ।

१२. तालीममा सहभागि छनौट गर्दा कर्णाली प्रदेश भित्र स्थायी वसोवास भएका आवेदकहरुलाई प्राथमिकता दिईनेछ।

१३ .तालिम सञ्चालन हुने स्थान, मिति, बिषय र कोटा संख्या

| क्र.सं. | बिषयहरु | सुर्खेतको विरेन्द्रनगरमा मिति २०८०/०२/१६ गते देखि | कैफियत |
|---|---|---|---|
| १ | कृषि (भेटेरेनरी जुनियर टेक्निकल असिस्टेण्ट, अफ सिजन भेजिटेवल प्रोडियुर तह-१) | ४ | |
| २ | कम्प्युटर (कम्प्युटर अप्रेटर, कम्प्युटर हार्डवेयर टेक्निसियन) | २ | |
| ३ | निर्माण (पलम्वर, व्रिक लेयर मेशन) | ४ | |
| ४ | एजुकेसन (इसिडि तह-१ ) | २ | |
| ५ | हस्पिटालिटी (कमिक्स, वेटर, वार टेण्डर तह-१, वेकर तह-१) | ४ | |
| ६ | व्युटिसियन | ४ | |

नोट : थप जानकारीका लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठानको फोन नं. ०१-६६३०१८७ र परिषद् कर्णाली प्रदेश कार्यालयको फोन नं. ०८३-५२३०२० मा सम्पर्क गर्न सकिने छ।

**विस्तृत सूचना :** प्रतिष्ठानको वेबसाइट www.titi.org.np मा र राष्ट्रिय सीप परीक्षण समितिको www.nstb.org.np का साथै परिषद् कर्णाली प्रदेश कार्यालयको वेबसाइट www.ctevtkarnali.org.np मा समेत हेर्न सकिने छ।

आवेदन फाराम भर्न तल दिईएको लिंकमा किल्क गरी भर्नुहोला।

https://forms.gle/FnZvoMEUPpMuGSqN6

कार्यकारी निर्देशक